# जलजला गाउँपालिका
# लामाखेत पर्वत

## वार्षिक नीति तथा कार्यक्रम

# आ.व.२०८१/८२

आदरणीय गाउँसभा सदस्यज्यू,
उपस्थित अतिथि, पत्रकार तथा कर्मचारीहरु,

जलजला गाउँपालिकाको यस १७ औं गरिमामय गाउँसभामा आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मलाइ अत्यान्त खुशी  लागेको छ। मूलुक संघीय व्यवस्थामा रुपान्तरित भए सँगै राज्य पुनर्संरचनाद्वारा स्थानीय सरकारको स्वरुप ग्रहण गरे पश्चात भएको दोश्रो स्थानीय निर्वाचनबाट निर्वाचित हामि जनप्रतिनिधिहरु तेश्रो आर्थिक वर्षमा प्रवेश गर्दैछौं । देशमा देखा परेको आर्थिक संकुचन लगायतका असहज परिस्थिति साथै विविध अवसर र चुनौतिहरु बीचमा गाउँपालिकाको वार्षिक नीति कार्यक्रम लिएर उपस्थित भएको छु।

सुन्दर,समुन्नत र समृद्ध जलजला गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त जलजला गाउँपालिकावासीको असिमित ईच्छा, आकांक्षा तथा मनोभावनालाई संबोधन गर्ने र जनताको वास्तविक आधारभूत आवश्यकता सम्बोधन गर्ने उद्देश्यका साथ सीमित श्रोत साधन र जनशक्तिलाई अधिकतम परिचालन र व्यवस्थापन गर्दै अगाडि बढिरहेको जलजला गाउँपालिकाको विकासको जग हाम्रै कार्यकालमा बलियो बनाइने कुरमा म विश्वस्त छु । हामि निर्वाचित भएपछिको दोश्रो नीति तथा कार्यक्रमले निर्दिष्ट गरेअनुसारको आ.ब. २०८०/८१ को बजेट तथा कार्यक्रम कार्यान्वयनको अन्तिम चरणमा छ । हामी आफ्नो कर्तव्य र जिम्मेवारीमा कति इमान्दारीता पूर्वक लगेका छौ भन्ने कुराको मूल्याङ्कन जनसमुदाय स्तरवाट भैरहेको छ ।

आदरणीय गाउँपालिकावासी नागरिकहरुको विकासको र समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८१/८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा स्थानीय आर्थिक विकासको माद्यमवाट आर्थिक-सामाजिक रुपान्तरण सहित समृद्ध र समतामूलक जलजला गाउँपालिका तथा सुखी जलजलावासी बनाउने दिगो लक्ष्य हासील गर्न सार्वजनिक क्षेत्र, निजी क्षेत्र र नागरिक समुदायको साझेदारीपूर्ण सम्बन्धको विकास गरिनेछ ।

जलजला गाउँपालिकालाई स्वच्छ, सुन्दर, सभ्य र हराभरायूक्त सक्षम गाउँपालिकाको पहिचान कायम राख्न, धार्मिक सांस्कृतिक पर्यटकिय गन्तव्यको रुपमा स्थापित गर्न, उत्पादनमूलक तथा स्वरोजगार उन्मूख समावेशी तथा लक्षित विकासका कार्यक्रम मार्फत क्षेत्रीय, जातिय, वर्गीय असन्तुलन हटाउँदै, विपद ब्यवस्थापन तथा उद्धार राहतका कार्यक्रमहरुलाइ यस नीति तथा कार्यक्रममा प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

मुलुकलाई विगतको एकात्मक तथा केन्द्रीकृत शासन प्रणालीको अवस्थाबाट सार्वभौम जनता कै प्रतिनिधिमार्फत राज्य संचालन गर्ने लोकतान्त्रिक व्यवस्थाको उज्यालो युगमा पुऱ्याउनका खातिर ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानीका साथ जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहीदहरु प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। शहिद परिवार तथा अपागं, घाइते तथा वेपत्ता पारिएका नागरिकहरु प्रति गहिरो समवेदना ब्यक्त गर्दै इतिहासका विभिन्न कालखण्डहरुमा राजनैतिक तथा सामाजिक आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका समस्त अग्रज नेतागणहरुलाइ यस गरिमामय सभामा स्मरण गर्न चाहान्छु।

गाउँसभा सदस्य एवं उपस्थित सम्पूर्ण महानुभावहरु,

अव म गाँउपालिकाको विभिन्न विषय/क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु।

१. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

क. शिक्षा

- स्थानीय पाठ्यक्रमलाई समसामयिक परिमार्जन गरिनेछ। कक्षा १-८ सम्मका स्थानिय पाठ्यपुस्तक निर्माण तथा छपाई गरी विद्यालयमा पठाईनेछ ।

- यस गाउँपालिका भित्र सञ्चालनमा रहेका माध्यमिक विद्यालयहरुको क्षमता विकास गरी लिडर विद्यालयका रुपमा विकास गरिनेछ र नजिकै रहेका आधारभूत विद्यालयहरुलाई लिडर विद्यालयका फिडर विद्यालय वनाई शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- माध्यमिक विद्यालयका प्रधानाध्यपकलाई कोडिनेटर र फिडर विद्यालयका प्रधानाध्यापकहरुलाई इन्चार्जका रुपमा विकास गरी समन्वय, अवलोकन, मूल्याङ्कन, निर्देशन र नियन्त्रण गर्ने संयन्त्र तयार गरिनेछ ।
- प्रत्येक महिनामा विद्यालयहरुले मासिक परीक्षा सञ्चालन गरी लिडर विद्यालयहरुमा नतिजाको समिक्षा गर्ने गरी ब्यवस्था मिलाईनेछ ।
- प्रत्येक लिडर विद्यालयहरुमा महिनामा एउटा शुक्रवार Book Free Day मानी अतिरिक्त क्रियाकलाप तथा जीवनोपयोगी ज्ञान सिपको कार्यक्रम सञ्चालन गर्ने ब्यवस्था मिलाईनेछ ।
- उत्पादनमूलक तथा ब्यवसायिक क्रियाकलापमा विद्यार्थीहरुलाई संलग्न गराई क्रमशः सवै माध्यमिक विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँ शिक्षा ऐन तथा नियमावलीमा समसामयिक सुधार तथा परिमार्जन गरी कार्यान्वयनमा ल्याईनेछ ।
- विद्यालय अनुगमन तथा मूल्याकन संयन्त्र तयार गरी कार्यान्वयनमा लगिनेछ ।
- गाउँपालिका भित्र स्रोत ब्याक्ति खटाई विद्यालय र गाउँपालिकाको संम्पर्क , समन्वय तथा शिक्षकहरुको कक्षा अवलोकन तथा पेशागत शहयोग गर्ने ब्यवस्था मलाईनेछ ।
- शिक्षकहरुका लागि शिक्षक डायरीको ब्यवस्था गरी दैनिक पाठयोजना निर्माण तथा कार्यान्वयनलाई ब्यवस्थित गरिनेछ ।
- प्रधानाध्यापकहरुलाई नमुना विद्यालय भ्रमण अवलोकन गराई नमुना विद्यालय विकास सम्वन्धी ज्ञान हाँसिल गराईछ ।
- गाउँपालिका अध्यक्ष संग विद्यार्थी कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रत्येक विद्यालयहरुमा केजी कक्षा सञ्चालन गरी केजि कक्षाका लागि सबै विषयसमावेस भएको समासमयिक All In One पुस्तक वितरण गर्ने ब्यवस्था मिलाईनेछ ।
- प्रत्येक त्रैमासिक परीक्षा गाउपालिका स्तरीय प्रस्नपत्रवाट सञ्चालन गर्ने ब्यवस्था मिलाईनेछ ।
- बार्षिक परीक्षालाई गाउपालिका स्तरीय बनाईनेछ ।
- वडा नं. ५ मा अवस्थित ग्राम प्रकाश माध्यमिक विद्यालयमा दिवा खाजा तथा खानाको ब्यवस्थापन सहित सघन कक्षा सञ्चालन गरिनेछ। उक्त विद्यालयमा प्राविधिक कृषि विषय अध्ययन गर्न चाहने प्रत्येक वडाका एक-एक जना गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाइ छात्रवृति प्रदान गरिनेछ ।
- विद्यालय स्तरमा राष्ट्रपति रनिङ शिल प्रतियोगिता सञ्चालन गरी छनोट भएका खेलाडीहरुलाई ससम्मान जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सहभागी गराईनेछ ।
- विभिन्न प्रकारका खेलकुद कार्यक्रमहरु सञ्चालन गरी यूवा सशक्तिकरणमा जोड दिईनेछ ।
- बालकक्षा ब्यवस्थापनकार्यक्रमका माध्यमवाट बालकक्षालाई बालमैत्री बनाईनेछ ।
- कक्षाकोठाहरुलाई क्रमश आधुनिक सूचना प्रविधिसंग जोड्दै स्माट तथा डिजिटल कक्षाकोठा वनाईनेछ ।
- वडा शिक्षा समितिलाई काम कर्तब्य र अधिकारप्रति सचेत गराउदै विद्यालयप्रति वडाकार्यालयको अपनत्व विकास गर्नेगरी वडा शिक्षा समितिको क्षमता विकास गरिनेछ ।
- विद्यालय ब्यवस्थान समिति र शिक्षक अभिभावक संघको क्षमता विकास गरी विद्यालयको बास्तविक अभिभावको भुमिकामा विद्यालय ब्यवस्थापन समितिलाई जिम्मेवार वनाईनेछ ।
- अभिभावक शिक्षा कार्यक्रमको माध्यमवाट अभिभावकलाई सचेत गराई शैक्षिक उपलब्धी सुधारको सारथी बनाईनेछ ।
- नेपाल सरकार, प्रदेश सरकार र निजी तथा सामुदायिक क्षेत्रसँगको समन्वयमा प्रविधिमैत्री साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ।
- शिक्षकहरुलाई प्रविधिमैत्री बनाउन क्रमशः सूचना प्रविधि तालिमलाई निरन्तरता दिईनेछ ।

- शैक्षिक सामग्री व्यवस्थापन अन्तर्गत डिजिटल वोर्ड,वाल शिक्षा सुधार गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।
- प्रचलित कानून बमोजिम आवश्यकताका आधारमा कक्षा समायोजन गरिनेछ ।
- शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानूनि तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिनेछ।
- विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।अति विपन्न परिवारका र असहाय वालवालिकाका लागि गाउँपालिकाले संरक्षकत्व प्रदान गरी आधारभूत तह देखि उच्च शिक्षा सम्म शैक्षिक राहत सहयोग उपलब्ध गराउनेछ।
- विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।
- संस्थागत विद्यालयहरुको विभिन्न सूचकहरुको आधारमा वर्गिकरण गरी वैज्ञानिक ढंगले शुल्क निर्धारण गरी लागू गरिनेछ।
- अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।
- विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी जलजला गाउँपालिकाको शैक्षिक विकासमा विज्ञ शिक्षकहरुको अनुभवलाई उपयोग गरिनेछ।
- संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।
- सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।
- “उत्कृष्ट शैक्षिक गन्तव्य जलजला गाउँपालिकाको पहिचान” भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।
- विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।
- सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।
- शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने ब्यवस्था गरिनेछ।
- शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थापन, शैक्षिक पात्रो ब्यवस्थापन, अद्याविधक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS)लागूगर्ने नीति अवलम्बन गरिनेछ।
- एक माध्यमिक विद्यालय एक प्रविधिमैत्री सिकाइ कक्षा क्रमशः सञ्चालन गर्दै लगिनेछ।
- सम्पूर्ण विद्यार्थिलार्इ प्रविधिमैत्री सिकाइमा प्रोत्साहन गरी पालिकाले आफ्नै सिकाइ ब्यवस्थापन प्रणालि (LMS)को शुरुवात गरिनेछ।
- सामुदायिक सिकाई केन्द्रको क्षमता विकास गरी गाउपालिका भित्रको शैक्षिक तथ्यांक संकलन  अधावधिक गरी विद्यालयको औपचारिक शिक्षावाट वन्चित रहेका वालवालिकाहरुलाई शिक्षाको मुलधारमा समावेस गर्ने ब्यवस्था मिलाईनेछ ।
- हरेक शुक्रवार विद्यालयहरुमा अतिरिक्त क्रियाकलापमा जोड दिइ शिक्षासँग खेलकुदको धारणा अवलम्बन गरिनेछ।

ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

- जलजला गाउँपालिकालाई खुल्ला वहसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने पुर्खेउली मारुनी सोरठी यानीमाया भजन किर्तन लोकवाजा आदिको संरक्षण गरिनेछ।
- गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्ने नीति लिइनेछ।
- गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।
- ऐतिहासिक पाटी पौवा, कुवा, पोखरी, पानीघाट, शवदाहघाट आदिको संरक्षण, प्रवर्द्धन तथा पुननिर्माण गरिनेछ ।
- ऐतिहासिक धार्मिक स्थल तथा शक्तिपिठको रुपमा परिचित मल्लाजको कोतघर धाइरिङ् भुमे थान आदिको संरक्षण तथा प्रवर्द्धन गरिनेछ।गण्डकी गोपाल गौशाला, राममन्दि्रर, मल्लाज शिवालय गुफा, पूर्णगाउँ वराह ताल, गिद्देश्वरमन्दि्रर, नाग्लिवाङ् शिवालय मन्दि्रर, बनौको वौद्ध गुम्बाआदिको संरक्षण गर्ने नीति लिइनेछ।

ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

- गाउँपालिका स्तरमा व्यवस्थित खेलकुदको विकासका लागि नीतिगत व्यवस्था गरिने छ ।
- विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।
- युवा क्षमता विकास तथा समन्वय सहकार्यका लागि युवासँग अध्यक्ष कार्यक्रम बनाई खेलकुद संजाल स्थापना गरिनेछ, साथै खेलकुद कार्यक्रम आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।
- विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसनमुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।
- वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि जलजला गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवद्धगरिनेछ।
- युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई “विदेश हैन बिजनेस” भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।
- युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
- विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, सवारी चालक तथा मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

- "सामाजिक विकास र समताः जलजलाको एकता" को नारा सहित महिलाको आर्थिक तथा सामाजिक सशक्तीकरण, लैङ्गिक मूलप्रवाहीकरण र लैङ्गिक समानता कायम गर्ने नीति लिइनेछ।
- "दलित, गरिब, बिपन्नको शाहाराः शिक्षित, सबल गाउँपालिका बनाउने हाम्रो अभिभारा" भन्ने नारालाई मूर्तरुप दिन संघ सरकार र प्रदेश सरकारको समन्वय र सहकार्यमा सचेतनामूलक तथा सशक्तिकरणका कार्यक्रम अभियानको रुपमा संचालन गर्ने नीति लिइनेछ।
- दलित समुदायको अवस्थाको अध्ययन तथा विवरण संकलन गरि सोही आधारमा लक्षित कार्यक्रम सञ्चालन गरीनेछ।
- ज्येष्ठ नागरिक आश्रम, दिवा सेवा तथा मिलन केन्द्र लगायतका सेवा सञ्चालन गर्ने संघसंस्थालाई गैर सरकारीसंस्थासँगको समन्वय र सहकार्यमा सहयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

- छुवाछूत तथा भेदभाव लगायतका सबै प्रकारका सामाजिक कुरीति र कुसंस्कारको अन्त्य गर्न विशेष सचेतनामूलक कार्यक्रम अन्तर्क्रिया अन्तरनिकाय असल अभ्यास आदान प्रदान जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।
- लक्षित कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न लक्षित वर्गसँग उपाध्यक्ष कार्यक्रमलाई अगाडि सारिनेछ।साथै दलित समुदायको हक हितका लागि पालिकास्तरिय दलित समन्वय समिति गठन गरिनेछ।
- दलित समुदायलाइ वाजाको व्यवसायीकरण मार्फत संस्कृति संरक्षण एवं आर्थिक उन्नयन गर्नका लागि आवश्यक सहयोग गरिनेछ ।
- स्थानीय तहको हरेक क्षेत्रमा दलित समुदायको प्रतिनिधित्वलाई विशेष जोड दिइनेछ।सामुदायिक विद्यालयमा दलित शिक्षकको खटनपटन हुनेगरी ब्यवस्थापन मिलाईनेछ।
- पाँच लाख सम्म लगानी भएका ब्यवसायमा विपन्न दलित समुदायलाई विशेष छुट सहुलियत प्रदान गरिनेछ।
- जनजातिहरुको कला तथा संस्कृतिको रक्षा गर्नका लागि आवश्यक सहयोग गरिनेछ ।
- दलित समुदायका विद्यार्थीहरुलाई प्राविधिक शिक्षामा प्रोत्साहन तथा छात्रवृत्ति प्रदान गरिनेछ।
- दलित समुदायलाई सामाजिक अन्तरघुलन तथा अन्तरजातिय विवाहलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

- ८० वर्ष माथीका जेष्ठ नागरिकहरुको निशुल्क स्वास्थ्य जाँच घरदैलो सेवालाई थप प्रभावकारी बनाइने छ ।
- मधुमेह उच्च रक्तचाप मृगौला रोग मुटुरोग आखा दन्त लगायतका नसर्ने रोगको स्क्रिनिङ शिविर प्रत्येक ३ महिनामा सवै वडाका मुख्य वस्तीहरुमा सञ्चालन गरिनेछ।कुष्ठरोग, क्षयरोग, एच.आइ.भि. न्यूनिकरणका लागि प्रेषण अस्पतालसँग साझेदारी गरीनेछ।
- अध्यक्ष आमा सुरक्षा कोष कार्यक्रम, पाठेघर, स्तन क्यान्सरको निशुल्क परिक्षणको व्यवस्था मिलाइने छ ।
- गाउँपालिका भित्रका सवै विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रमलाई नियमितरुपमा सञ्चालन गरिनेछ। वाल विवाह, कम उमेरमा गर्भधारण, आत्महत्या, लागूपदार्थको दुब्यसनी जस्ता कुरितिहरुलाइ निरुत्साहित गरिनेछ।स्वास्थ्य संस्थालाइ किशोर किशोरीमैत्री बनाइनेछ।
- सार्वजनिक स्थलमा धुम्रपान (हुक्का सेवन), मद्यपान, सुर्तिसेवन निषेधको नीति लिइनेछ।
- स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन न्यूनतम स्वास्थ्य सेवा मापदण्ड कार्यक्रमले निदृष्ट गरेको कार्ययोजना कार्यान्वयनको सुनिश्चितता गरिनेछ। स्वास्थ्य संस्थाहरुको विकास र प्रभावकारी सेवा विस्तारका लागि स्वास्थ्य संस्थालाइ इन्टरनेट ल्यापटप सेवा उपलब्ध गराइ डिजिटलाइज गरीनेछ। स्वास्थ्य चौकी ब्यवस्थापन समितिलाई थप जिम्मेवार वनाइनेछ। सरोकारवाला निकायहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।
- नेपाल सरकारसगँको सहकार्यमा जलजला गाउँपालिकामा निर्माणाधिन 10 शैयाको आधारभूत अस्पतालको भौतिक निर्माणको कामलाइ छिटो सम्पन्न गर्न आवश्यक पहल गरिनेछ ।अस्पतालको जग्गा व्यवस्थापनमा बाँकी रहेका समस्याहरुलाई यथाशिघ्र समाधान गरिनेछ।
- गाँउपालिकाको एम्वुलेन्स सेवालाइ दिगो र भरपर्दो बनाउँदै गाउँपालिकाका प्रशुति गृहसम्म सुत्केरी ल्याउन लैजान निशुल्कसेवा प्रदान गरिनेछ।विपन्न र असहाय वर्ग, जटिलतामा रहेका गर्भवती, सुत्केरी र नवजात शिशुको जीवन सुरक्षाको लागि सुविधा सम्पन्न अस्पतालसम्म पुर्‍याउन निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ।
- गर्भवती, शिशु बालबालिका, किशोरी र अपाङ्गता भएका व्यक्तिको पोषण स्थितिमा सुधार ल्याउन नेपाल सरकार, प्रदेश सरकार र जिल्ला स्थित कार्यालय वा संस्थाहरुसगँको साझेदारीमा पोषण सुधार कार्यक्रम सञ्चालन गरिनेछ। गाउँपालिकालाई पूर्ण खोप तथा पूर्ण पोषणयुक्त गाउँपालिका कायम खोप तथा पोषण सेवा कार्यक्रमलाई प्रभावकारी रुपमा लागू गरिनेछ।
- स्वास्थ्य विमा कार्यक्रममा सवै नागरिकलाइ आवद्ध गर्न गाउँपालिकाका विपन्न बर्गका घरपरिवारको निशुल्क स्वास्थ्य बिमा गर्न नेपाल सरकारसगँ समन्वय तथा लागत साझेदारी गरिनेछ।

- क्यान्सर, मुटु, मृगौला, सिकलसेल एनिमिया, स्पाइनल इन्जुरीपार्किन्सन, अल्जाइमर र हेड इन्जुरीको उपचारको लागि अतिगरीब बिरामीलाई आर्थिक सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- आधारभुत स्वास्थ्य सेवाको सुनिश्चितका लागि समयमै अत्यावश्यक औषधी, स्वास्थ्य उपकरण तथा सामाग्री आपूर्ति को व्यवस्था मिलाइनेछ।
- धाइरिङ् स्वास्थ्य चौकीमा नयाँ बर्थिङ्ग सेन्टरको स्थापना गरिनेछ। हाल सञ्चालनमा रहेका मल्लाज लेकफाँट र शालिजा स्वास्थ्य चौकीका बर्थिङ् सेन्टरहरुको स्तरोन्नति गरी गुणस्तरिय सेवा उपलब्ध गराउनका लागि वान हर्ट वान बल्ड नामक संस्थासँग सहकार्य गरिनेछ।
- गर्भवती महिलाको स्वास्थ्य जाँचका लागि ग्रामिण अल्ट्रासाउण्ड सेवालाई थप ब्यवस्थित गरी सवै वडाका संस्थाहरुमा विस्तार गरिनेछ। ल्याब सेवा सञ्चालनमा रहेका स्वास्थ चौकीहरुको गुणस्तरमा सुधार गरिनेछ।
- अर्गानिक खेतीको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।पत्रु खाना (Junk Food) को सेवनलाई निरुत्साहित गरी रैथाने स्वस्थ खानामा जोड दिइनेछ।
- जलजला गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधनका कार्यहरु क्रमशः संचालन गरिनेछ।
- प्रत्येक महिनामा हुने स्वास्थ्य समिक्षामा उत्कृष्ठ संस्था र वार्षिक समिक्षामा उत्कृष्ठ संस्था र कर्मचारीलाइ पुरस्कृत गरिनेछ। महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई थप प्रभावकारी तुल्याइनेछ।

## २.आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. कृषि तथा पशुपंक्षी तथा सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

- शित भण्डार गृह निर्माणका लागि वडा नं. 8 मा जग्गा प्राप्ति भैसकेको र प्रदेश विशेष अनुदान समेत सुनिश्चित भएको हुँदा थप बजेटको ब्यवस्थापन गरी आगामी आ.व. भित्रमै कोल्ड स्टोर निर्माण गरिनेछ।गाउँपालिकामा उत्पादित आलु, सुन्तला, किवी, ताजा तरकारी लगायतका मुख्य कृषि उपज भण्डारण गरी क्षमता अनुसार छिमेकी पालिकाहरु समेतलाइ शित भण्डारणको सेवा उपलब्ध गराउने नीति लिइनेछ ।
- भु-बनोट र सम्भाब्यताको आधारमा, किबि, सुन्तला, कागती, ओखर, केरा, टिमुर, च्याउ, अल्लो खेती, घाँसेबाली, मौरी पालनआदिलाई प्रोत्साहन गरिनेछ। कृषि जैविक विविधताको संरक्षण र संवर्द्धन गरिनेछ।
- कृषि तथा पशुपन्क्षी विकास सम्बन्धी सेवाको पहुँच विस्तार गरिनेछ। कृषि व्यवसाय गर्न चाहने कृषकलाई बीउ बिजन, कृषि औजार, प्रविधि र तालिम दिइनेछ।
- बाँझो जग्गाको लगत संकलन गरी उपयोग गर्ने नीति लिइनेछ। सहकारी, सामूहिक, करार तथा व्यावसायिक खेती गर्न प्रोत्साहन गरिनेछ। कृषि भूमिको प्रभावकारी व्यवस्थापनको लागि जग्गा भू- उपयोग वर्गिकरण योजना अनूरुप जमिनको प्रयोगलाइ अनिवार्य गरिनेछ ।
- आलु खेतिको उन्नत विउ उत्पादन गर्ने नीतिलाइ निरन्तरता दिइनेछ। कृषकलाइ अनुदान उपलव्ध गराइनेछ ।
- "गह्रा गह्रा सिंचाई हराभरा गाउँ" भन्ने नारालाई आत्मसात गरी खेतीयोग्य जमिनमा सिंचाईको पहुँच सुनिश्चित गरिनेछ ।
- बाह्रै महिना हरियो घाँसको व्यवस्थापन गरी उत्पादन लागत घटाउन हिउँदे तथा वर्षे घाँसका विउ/विरुवा वितरण साथै बाँझो जमिनमा घाँस खेतिको लागि प्रोत्साहन गरिनेछ ।
- पशुपन्छि क्षति न्युनिकरणको लागी निःशुल्क पशुधन विमा कार्यक्रम संचालन गर्नुका साथै कृषकहरुलाई विमा अभिमुखिकरण एवं प्रोत्साहन गर्ने नितिलाई निरन्तरता दिईनेछ ।
- स्थानिय गाई गोरु पाल्ने कृषकलाई प्रोत्साहन गर्न अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ।
- गाउँपालिकालाइ दुध, मासु र अण्डामा आत्मनिर्भर बनी निर्यात गर्ने निति अवलम्वन् गरिनेछ ।

- समुह सहकारी मार्फत दुध संकलन तथा बजारीकरण गर्ने कृषक समुहलाई आवश्यक अनुदान दिने नितिलाई निरन्तरता दिईनेछ ।
- निःशुल्क कृत्रिम गर्भाधान मार्फत नश्ल सुधार गरी दुध र मासु उत्पादनमा बृद्धि गर्नको लागि प्रोत्साहनलाई निरन्तरता दिईनेछ ।साथै कृतिम गर्भाधान गर्न सम्भव नहुने क्षेत्रमा प्राकृतिक गर्भाधान मार्फत नश्ल सुधार गर्न उच्च गुणस्तरका बोका तथा राँगा वितरणको कार्यक्रम संचालन गरिनेछ ।
- सहकारी समुह समिति र व्यवसायिक फार्म संचालक कृषकहरुलाई अनुदान तथा फार्म यान्त्रिकरणका कार्यक्रम मार्फत प्रोत्साहन गरिनेछ ।
- पशुपन्छीका रोग निदान एवं नियन्त्रणको लागी आवश्यक औषधी, खोप कार्यक्रम र ल्याव व्यवस्थापन गरिनेछ ।
- व्यवसायिक पशुपालन गर्ने कृषकहरुले पशुपालन क्षेत्रमा गरेको उपलब्धीलाई मापन गरी प्रतिस्पर्धाका आधारमा पुरस्कृत गर्ने नीति लिईनेछ ।
- पशुधन तथा जनस्वास्थ्यको सुरक्षाका लागि रेविज जस्ता जुनोटिक रोगहरुको रोकथाम गर्न सामुदायिक कुकुरहरुको जनसंख्या व्यवस्थापनका लागि बन्ध्याकरण तथा रेविज विरुद्ध खोप कार्यक्रम संचालन गरिनेछ ।
- सहकारी संस्थाको नियमित अनुगमन र नियमन गरी संस्थागत सुशासन कायम गरिनेछ। सहकारी संस्थामा देखा परेका समस्या समाधानका लागि संघ र प्रदेश सरकारसंग सहकार्य गरिनेछ ।
- गरीवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम र लघु घरेलु तथा साना उद्योगीको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।
- उच्च मूल्यका फलफुल, तरकारी, तरकारी वीउ तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी एक वडा एक उत्पादन कार्यक्रम समेतका आधारमा सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।
- रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ। जलजला गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइनेछ।
- कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।
- जलजला गाउँपालिका भित्रका 70 प्रतिसत कृषक परिवारको सूचिकरण कार्य सकिएकोले किसान परिचयपत्र लागू गरी कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्कको आधार निर्माण गरिनेछ।
- उत्पादन लागत, थोक तथा खुद्रा मूल्य विश्लेशण गर्दै विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिका भित्र न्यूनत्तम समर्थन मूल्य निर्धारण गरिनेछ।
- ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजारको पूर्वाधार निर्माण गरिनेछ।
- मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।
- कृषि उत्पादनको मुल्य श्रृंखलाको विकासलाइ थप प्रभावकारी वनाउने क्रममा कृषि उपजको बजारीकरणका लागि कृषि बजार प्रणाली सप्टवयर निर्माण गरी कार्यान्वयनमा ल्याउने ।
- तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी, बगरखेती, करार खेती र कौशी खेतीको लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।
- सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।
- टोल विकास संस्थासँगको साझेदारीमा कृषि औजार उपकरण वीउ विजन लगायतका सामग्रीहरु वितरण प्रणालिलाइ ब्यवस्थित गरी समूहमा आधारित वनाइनेछ।

- कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

## ३. वन, वातावारण तथा विपद व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

- खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ ।
- "स्वच्छ खानेपानी स्वस्थ जिन्दगानी" भन्ने नारालाई साकार बनाउन जलाधार संरक्षण कार्यक्रम संचालन गरी जलजला गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट नियमित रुपमा खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।
- विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानी आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।
- जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।
- "हामी सवैको रहर हरित गाउँघर" भन्ने नाराका साथ मापदण्ड तोकी वस्ती सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- आफ्नो टोल सफा राखौं भन्ने मूल मन्त्रका साथ टोल विकास संस्था वा अन्य सामाजिक संघ संस्थाहरुसँगको समन्वय र सहकार्यमा प्रत्येक महिना फोहोर संकलन तथा व्यवस्थापन गर्ने कार्य सञ्चालन गरिनेछ। ।

### ख. वातावरण तथा विपद् व्यवस्थापन

- विपद्‌जन्य घटनाहरुको न्यूनीकरण तथा ब्यवस्थापनको लागि विपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण तथा अद्यावधिक गरी कार्यान्वयन गरिनेछ ।
- हाल सञ्चालित सुरक्षित नागरिक आवास कार्यक्रम र मनसुन प्रभावितका लागि निजी आवास पुनर्निर्माण कार्यक्रमलाई थप व्यवस्थित गरी नागरिकले समयमै राहत पाउने कुराको सुनिश्चित गरिनेछ ।
- सबै प्रकारका विपदको रोकथाम तथा न्यूनीकरणका लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रमहरु सञ्चालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था मिलाईनेछ
- सबै वडाहरुमा वडा स्तरीय विपद ब्यवस्थापन समिति र युवा क्लव गठन गरी विपद् ब्यवस्थापन तथा स्वयंसेवकीय कार्य र सामाजिक जागरण कार्यमा परिचालन गरिनेछ ।
- फोहरमैला संकलनको कार्यमा थप क्षेत्रहरुमा विस्तार गरी संकलित फोहोरको उपयूक्त ब्यवस्थापन तथा प्रशोधनको कार्यलाई थप व्यवस्थित गर्न उपयुक्त नीति अवलम्बन गरिनेछ ।

## ४. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति तथा आवास विकास) सम्बन्धी नीति तथा कार्यक्रम

- जलजला गाँउपालिकाको कार्यालय हालसम्म भाडाको भवनबाट सञ्चालन भैरहँदा सेवा प्रवाहमा भोग्नुपरेको कठिनाइको निराकरणकाका लागि आ.ब. २०८१।८२ भित्रै आफ्नै भवनबाट एकिकृत रुपमा जलजला गाँउपालिकाको सेवा प्रदान गर्न निर्माणाधिन भवन तथा पुर्वाधार निर्माणको कार्यलाइ समयमै सम्पन्न गर्ने उच्च प्राथमिकता दिइनेछ ।
- संघ सरकार, प्रदेश सरकार तथा सडक बोर्डसँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालनका लागि म्याचिङ फण्डको व्यवस्था गरिनेछ ।
- परियोजना बैंक स्थापना गरि प्राथमिकताको आधारमा सार्वजनिक निर्माणको नीति लिइनेछ ।
- जग्गा ब्यवस्थापन भएर पनि उपयूक्त स्वास्थ्य चौकी भवन नभएका वडाहरुमा सुविधा सम्पन्न भवन निर्माणको कामलाइ प्राथमिकतामा राखिनेछ ।
- गाउँपालिकाको गौरवको आयोजनाको रुपमा शुरु गरिएका रिङरोड सडक पूर्वाधारलाई उच्च प्राथमिकता दिइनेछ ।

- वर्षायाममा हुनसक्ने सडक अवरोध हटाइ मुख्य सडक पुर्वाधारको चौविसै घण्टा सञ्चालन गर्न सम्बन्धित वडा मार्फत ब्याक हु लोडर लगायत अन्य उपलव्ध स्रोत र साधनको परिचालन गर्ने नीति अगाडी सारिनेछ ।
- खानेपानी नपुगेका तथा नियमित आपूर्ति हुन नसकेका स्थानमा खानेपानी सेवाका लागि बजेटको व्यवस्थापन गरिनेछ ।
- सेवा प्राप्त गर्ने जनसंख्या र आवश्यकताका आधारमा नयाँ झोलुङ्गे पुल निर्माण तथा मौजुदा पुलहरुको मर्मत संभारको कार्य अगाडी बढाइनेछ।
- वस्ति बिकास मापदण्ड लागु हुनुपुर्व निर्मित अनुमति नलिइ बनेका र तत्कालिन गा.वि.स. बाट अनुमाति लिइ वनेका भवनहरु अभिलेखिकरण गरि घर नक्शा पास लाई व्यवस्थित गरिनेछ।
- गाउँपालिका देखि वडा जोड्ने मुख्य सडकहरुको नामांकरण तथा शहरी क्षेत्रमा घर नंवरीङको कार्य शुरु गरिनेछ।
- घर नक्शा पास लाई अनलाइन सिस्टममा लाने प्रकृया सुरु गरिने छ।

## 5. सुशासन तथा क्षमता विकासः

- "सर्वसुलभ सार्वजनिक सेवा नागरिकलार्इ टेवा" भन्ने नाराका साथ गाँउपालिका र वडा कार्यालय एवं अन्तर्गतका कार्यालयबाट प्रदान गरिने सेवालाइ पारदर्शी, जवाफदेही, सहभागितामूलक र नागरिकमैत्री बनाउन न्यूनत्तम मापदण्ड सहित सुशासनका औजारहरुको प्रयोग गरिनेछ ।
- गाँउपालिकामा कार्यरत कर्मचारीहरुवाट उच्च सेवाभावका साथ सार्वजनिक सेवा प्रदान गर्ने वातावरण सिर्जना गरिनेछ । गाँउपालिकाबाट प्रदान गरिने सेवा सुविधालाइ कार्यसम्पादनमा आधारित गरिनेछ ।
- यस गाउँपालिकाका जनप्रतिनिधि, पदाधिकारी र कर्मचारीकालागि क्षमता विकास सम्बन्धी प्रशिक्षण कार्य स्थानीय तहमा कानून तथा योजना तर्जुमा, स्थानीय सरकार सञ्चालन, मानव अधिकार तथा कानूनी सचेतना जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।
- जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी समेतलार्इ जीवन ब्यवस्थापन कला, सदाचारयूक्त स्वस्थ जीवनशैली अपनाउनका लागि योग, ध्यान, सकारात्मक सोच सम्बन्धी विविध कार्यक्रम सञ्चालन गरिनेछ।
- नागरिक सन्तुष्ठी सर्भेक्षण सार्वजनिक सुनुवार्इ सामाजिक परिक्षण लेखा परिक्षण वेरुजु फर्छ्यौट वित्तिय पारदर्शिता उपभोक्ता शिक्षा लगायतका कार्यक्रमहरुलार्इ मुख्य जोड दिइनेछ।

## ६. वडा विकास कार्यक्रमः

- वडाका कार्यक्रमहरु जनताको अपेक्षा मुताविक सञ्चालन गर्न वस्तीस्तरबाटै नागरिक सहभागिताको सुनिश्चित गरी टोल विकास संस्थालाई वडा विकास कार्यक्रमको केन्द्र विन्दुमा राखीनेछ ।
- गाउँपालिकामा उपलब्ध श्रोत, साधन, पुँजी, सीप एवं प्रविधिको अधिकतम उपयोगबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्दै कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाईनेछ ।
- समुदायस्तरमा गठन भएका टोल विकास संस्थाको संस्थागत विकास गरी गरिवी निवारण, आयआर्जन, शसक्तीकरण र रोजगारीमा उल्लेख्य टेवा पुर्याईनेछ ।
- आर्थिक विकासको साथै समाज विकासको बाधकको रुपमा रहेका सामाजिक विभेद, पछौटेपन, घरेलु हिँसा र सामाजिक कुरीतिहरुलाई निर्मुल गरी सभ्य समुन्नत तथा समतामुलक समाज निर्माण गर्ने नीति लिईनेछ ।
- आफ्नै गाउँ ठाउँमा असल उद्यमी बन्ने दृढ संकल्प बोकेर अगाडि बढेका किसान र वैदेशिक रोजगार गुमाई फर्केका युवा उद्यमीहरुलाई सम्बन्धित टोल विकास संस्था मार्फत् उद्यम गर्नको लागि सामुहिक वा एकल रुपमा सहुलियत ब्याजदरको घुम्तीकोष उपलब्ध गराईनेछ ।
- वडा विकास कार्यक्रमलाई समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणको मेरुदण्डको रुपमा स्थापित गरिनेछ ।
- टोल विकास संस्थालाई ब्यवस्थित रुपमा सञ्चालन गर्नको लागि आवश्यक नीतिको अवलम्बन गरिनेछ र उक्त संस्थालाई वडा कार्यालय तथा गाउँपालिकाको सहयोगी संस्थाको रुपमा अगाडि बढाइनेछ ।
- समाज रुपान्तरणको हरेक गतिविधिमा टोल विकास संस्थालाई परिचालन गरिनेछ साथै टोल विकास संस्थाको क्षेत्राधिकार र भूमिकालाई विस्तार गरिनेछ ।

- टोल तथा बस्तीहरुमा हुने जन्म देखि मरण सम्मका उत्सव तथा परिघटनाहरुमा टोल विकास संस्थालाई सुख दुखको सारथीको रुपमा परिचालन गरिनैछ साथै असल उदाहरणीय तथा अनुकरणीय काम गर्ने टोल विकास संस्थालाई पुरस्कृत गरिने नीति लिईनेछ ।

## 7. राजस्व, न्ययिक समिति तथा विविध:

- गाउँपालिकाका सम्पूर्ण सेवाग्राहीहरुलाइ सहज र सर्बसुलभ तरिकाबाट राजश्व तिर्ने बातावरण मिलाउनका लागि आगामी आ.व. २०८१/०८२ को श्रावण महिना देखी सवै वडा कार्यालयबाट  सम्पति कर र भुमिकर बुझाउनका लागि र अनलाइन मेमेन्टको ब्यबस्था समेत मिलाइने छ ।
- भू-उपयोग क्षेत्रको नयाँ वर्गिकरण अनुसार सम्पत्ती कर तथा भूमि कर लार्इ अद्यावधिक गरिनेछ।
- घर नम्बरीङ् तथा बहाल करलाइ थप ब्यबस्थित गरि घर भाडामा लगाउने संम्पुर्ण घर धनिहरुलाइ करको दायरामा ल्याउइने छ ।
- जलजला बासी संम्पुर्ण उपभोक्ताहरुको मागलाइ सम्बोधन गर्दै आगामी आ.व. २०८१/०८२ मा जलजला गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका संम्पुर्ण पसलहरुमा मुल्य सुचि अनिवार्य रुपमा राख्ने ब्यबस्था मिलाइने छ ।
- ब्यबसाय दर्ता/नबिकरण लाइ थप ब्यबस्थित गरि सफ्टवेयर मार्फत संम्पुर्ण ब्यबसायिहरुलाइ करको दायरामा ल्याइ आन्तरिक आम्दामी बृध्दिमा टेवा पुराइने छ ।
- कालीगण्डकी नदीको नदीजन्य पदार्थको परिचालन तथा ब्यवस्थापनमा सम्मानित सर्वोच्च अदालतको अन्तरिम अदालतको कारण  रोक लागेको अवस्थामा कानूनि तवरवाट निकास खोजी गाउँपालिकाको क्षेत्राधिकारको प्रयोग गरी धार्मिक र पर्यावरणिय महत्व वोकेको पवित्र कालिगण्डकी नदीको संरक्षण तथा नदिजन्य पदार्थहरुको उचित ब्यबस्थापन गरी आन्तरिक आम्दानी बृद्धिका लागि पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका संम्पुर्ण ब्यबसायहरु दर्ता/नबिकरण/इजाजत प्रचलित कानुन बमोजिम संचालनमा रहे नरहेको संम्बन्धमा नियमित स्थलगत निरिक्षण गरि आवश्यक सूचना सहित संम्पुर्ण ब्यबसायहरुलाइ करको दायरामा ल्याइने छ ।
- जलजला गाउँपालिका क्षेत्रभित्र शान्ति सुरक्षा कायम गरि बिभिन्न किसिमका अपराधिक घटनाहरुलाइ न्यनिकरण गर्नका लागि गैरसरकारी संघ संस्थासँगको समन्वयमा मुख्य-मुख्य स्थान बजार क्षेत्र र ट्रान्जिट एरियामा आवश्यकता बमोजिम सि.सि. क्यामरा जडान गर्ने ब्यबस्था मिलाइने छ।
- न्यायिक समितिको अधिकार क्षेत्र  भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।
- न्यायिकसमितिको  क्षमता अभिवद्धिृ र मेलमिलापकर्ताको अभिमूखीकरण तथा पुनर्ताजगी कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रबर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।
- रोजगार सेवा केन्द्रलाई रोजगार वैंकको रुपमा विकास गरिनेछ।
- गाउँपालिकाका वडाहरुमा अनलाईन घटना दर्ताको कार्यलाई थप व्यवस्थीत गरिनेछ।
- माग र आवश्यकताका आधारमा एकिकृत घुम्ति शिविर संचालन गरिनेछ ।

गाउँ सभा सदस्यहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरु,

विगतको अभ्यासबाट अनुभव हासिल गर्दै अझै परिपक्क ढंगबाट नीति र कार्यक्रमलाई सार्थक तुल्याउने कार्यमा सम्पूर्ण जनप्रतिनिधि कर्मचारी तथा सरोकारवाला सवैको रचनात्मक साथ तथा सकारात्मक सहयोग प्राप्त हुनेमा म विश्वस्त छु। साथै आफ्नो महत्वपूर्ण सल्लाह सुझाव सहित उपस्थित हुनु भएका उपाध्यक्षज्यू, गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृतज्यू, गाँउसभा सदस्यज्यूहरु, विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु सम्पूर्ण

कर्मचारीहरु, शिक्षक, विद्यार्थी, राजनितिक दलका प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार मित्रहरु, सुरक्षाकर्मी लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुमा समेत हार्दिक आभार व्यक्त गर्न चाहन्छु । नीति तथा कार्यक्रम तर्जुमा देखी आजको यस घोषणा समारोहलाई सफलता पूर्वक सम्पन्न गर्ने समयसम्म गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु तथा पदाधिकारीहरुले पुर्‍याउनु भएको योगदानको उच्च मुल्यांकन गर्दै हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा, यस गाउँ सभामा प्रस्तुत भएका नीति तथा कार्यक्रम माथी छलफल गरी यहाँहरुवाट प्राप्तहुने महत्वपूर्ण सुझाव र सल्लाहलाई आत्मसाथ गर्ने वाचा गर्दै यहाँहरु सवैको सहयोगको अपेक्षाका साथ विदा हुने अनुमति चाहन्छु । धन्यवाद,

मितिः २०८१।०३।०५

राजु प्रसाद आचार्य

अध्यक्ष